स्थानीय राजपत्र
रौतामाई गाउँपालिकाद्धारा प्रकाशित

# रौतामाई पर्यटन बोर्ड गठन तथा संचालन सम्बन्धी कार्यविधि २०७९

प्रकाशक
स्थानीय सरकार
रौतामाई गाउँपालिका
उदयपुर जिल्ला, कोशी प्रदेश, नेपाल

रौतामाई गाउँपालिका
स्थानीय राजपत्र

खण्ड : ०६ संख्या : ०४ मिति : अश्विन ४, २०७९

भाग : २

रौतामाई गाउँपालिका

# रौतामाई पर्यटन बोर्ड गठन तथा संचालन सम्बन्धी कार्यविधि २०७९

**प्रस्तावना :**

रौतामाई गाउँपालिका भित्र रहेका धार्मिक, सांस्कृतिक सम्पदा तथा वातावरणको संरक्षण र सम्वर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र पवर्द्धन गरी राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा रौतामाई गाउँपालिकालाई नेपालको एक आकर्षक र भरपर्दो पर्यटन स्थलको रुपमा विकसित गरेर स्थानीय उत्पादन, विदेशी मुद्रा आर्जन रोजगारीको अवसरहरुको सृजनामा अधिकतम बृद्धि गर्नका निमित्त एक पर्यटन बोर्डको स्थापना गर्न र त्यसको कार्य सञ्चालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, रौतामाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रौतामाई गाउँपालिकाले यो कार्यविधि निर्माण गरी जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम ‘रौतामाई पर्यटन बोर्ड (गठन तथा सञ्चालन) कार्यविधि, २०७९’ रहेकोछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिका बैठकबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको रौतामाई पर्यटन बोर्ड सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिम स्थापना भएको रौतामाई पर्यटन बोर्ड सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य सचिवलाई समेत जनाउँछ ।

(ङ) "सदस्य सचिव" भन्नाले दफा १९ बमोजिम नियुक्त बोर्डको कार्यकारी प्रमुख सम्झनुपर्छ ।

(च) "पर्यटन" भन्नाले विदेशी मुलुकबाट भ्रमणका लागि नेपाल राज्यमा आउने गैर नेपाली नागरिक साथै देशका अन्य भूभागबाट दृश्याबलोकन गर्न, धार्मिक, सांस्कृतिक मेला भर्न वा विदा मनाउन यस गाउँपालिका भित्र आउने नेपाली नागरिक सम्झनुपर्छ ।

(छ) "पर्यटन व्यवसाय" भन्नाले देहायका विषय सम्झनुपर्छ,

(१) पर्यटकहरुको विभिन्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिवनको सेवा पुऱ्याउने कारोवार,

(२) पर्यटनहरुलाई नेपाल राज्यभित्र वा नेपाल राज्य वाहिर कुनै पनि स्थानमा वा आंशिक रुपमा परिवहन, बसोवास, भ्रमण व्यवस्था, रेष्टुरेण्ट सेवा, दृश्यावलोकन, पथ प्रदर्शन पदयात्रा, जलयात्रा तथा अन्य साहसिक एवं मनोरञ्जनात्मक सेवा पुऱ्याउने र सो वापत स्वदेशी तथा विदेशी मुद्रा आर्जन गर्ने प्रकृतिका कारोवार,

(३) पर्यटकहरुलाई पूर्ण वा आंशिक रुपमा खुद्रा वस्तुहरु विक्री गर्ने कारोवार,

(४) उपखण्ड (१), (२) र (३) बमोजिमको कारोवार गरी पर्यटकहरुलाई आकर्षित गर्नको निमित्त पूर्ण वा आंशिक रुपमा सहित्य, कला, धर्म संस्कृतिको प्रस्तुती वा अन्य कुनै पर्दशनी, आयोजना, मेला, प्रचार प्रसार अभियान सञ्चालन गर्ने कार्यलाई समेत सम्झनुपर्छ ।

(ज) "तोकिएको तोकिए बमोजिम" भन्नाले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको विषय वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद - २
## बोर्डको स्थापना र व्याख्या

**३. बोर्डको गठन :**

(क) रौतामाई गाउँपालिका क्षेत्रलाई एक आकर्षक पर्यटन स्थलको रुपमा स्थापित गरी पर्यटन व्यवसायको विकास, विस्तार तथा पबर्द्धन गर्नको लागि रौतामाई पर्यटन बोर्डको नामबाट एउटा बोर्डको गठन गरिनेछ ।

(ख) बोर्डको कार्यालय रौतामाई गाउँपालिका भित्र रहनेछ ।

**४. बोर्डको उद्देश्य :** बोर्डको उद्देश्य देहाय वमोजिम हुनेछ,

(क) रौतामाई मन्दिरको महत्व र गरिमालाई अभिवृद्धि गराई एक आकर्षक पर्यटन स्थलको रुपमा विकसित गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने,

(ख) रौतामाई मन्दिर, अन्य सांस्कृतिक सम्पदा, गाउँपालिका भित्र रहेको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थल पहिचान गर्ने तथा धार्मिक सांस्कृतिक मेलाहरुको संरक्षण, सम्वर्द्धन र प्रचार प्रसार गर्ने/गराउने,

(ग) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गरी स्थानीय तहमा राष्ट्रिय उत्पादन र मुद्रा आर्जनमा अभिबृद्धि गर्दै बढी भन्दा बढी रोजगारीका अवसरको सृजनागरी पालिकालाई समृद्ध बनाउने,

(घ) पालिकालाई सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटन स्थलको रुपमा विकसित गरी आन्तरिक र बाह्य पर्यटन समुदायमा गाउँपालिकाको छविलाई उच्च एवं मर्यादित ढंगबाट स्थापिन गर्ने/गराउने,

(ङ) पर्यटकहरुलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखापरेका समस्या वा कमिकमजोरीहरु निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने/गराउने,

(च) रौतामाई गाउँपालिका भित्र रहेका भाषा, संस्कृति, भेषभुषा तथा कला संस्कृतिको पहिचान र संरक्षण गर्ने,

**५. बोर्डको काम, कर्तव्य र अधिकार :** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) रौतामाई गाउँपालिका भित्र रहेका धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको पहिचान गर्दै, त्यसको संरक्षण र पवर्द्धन गरी उदयपुर जिल्लाको एक आकर्षक पर्यटक महत्व स्थल बनाउने,

(ख) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रवर्द्धन तथा संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार विकास, पर्यटन सेवा सुविधा विस्तार जनशक्ति विकास र पर्यटन स्थलहरुको पर्यावरण संरक्षण गर्ने कार्य समेतका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने,

(ग) पर्यटकहरुका लागि सुविधा बृद्धि गर्ने र रौतामाईलाई एक आकर्षक पर्यटन गन्तब्य स्थलको रुपमा विकसित गर्ने ।

(घ) पर्यटकहरुका सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरुको क्रियाकलापहरुमा समन्वय काम गर्ने,

(ङ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरु तयार गरी सोही अनुसार पर्यटन विकाससँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्ने/गराउने,

(च) पर्यटन व्यवसायको विकास, विस्तार र पवर्द्धन गर्नको लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरुमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने/गराउने,

(छ) पर्यटनसँग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरुको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरुलाई यहाँको धार्मिक र सांस्कृतिक महत्वका स्थलहरु तथा मनोरम प्राकृतिक सौर्न्दयको दृश्यावलोकन गराउन नीजि क्षेत्रलाई उत्प्रेरित गर्ने,

(ज) रौतामाई एक साहसिक तथा  आकर्षक पर्यटन केन्द्रको रुपमा विकसित गर्न विविध मनोरञ्जनपूर्ण तथा साहसिक पर्यटन सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्न नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने,

(झ) राष्ट्रिय, अन्तर्राष्ट्रिय सभा सम्मेलन, व्यापार मेला, सांस्कृतिक तथा युवा महोत्सव आदि कार्यक्रमहरुमा भाग लिने र पर्यटन प्रवर्द्धनमा अहम भूमिका खेल्ने ,

(ञ) ऐतिहाँसिक महत्व भएका स्थलहरु तथा मठमन्दिरको संरक्षण सम्बन्धी विविध, क्रियाकलापहरुमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ट) पर्यटन पूर्वाधार तथा सुविधाहरुको सुदृढिकरण गर्दै नयाँ पर्यटन स्थलहरुको विकास गर्दा खास गरी स्थानीय पर्यटन स्थलहरुको विकासलाई प्राथमिकता दिने,

(ठ) नयाँ पर्यटन स्थलहरुको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्ने/गराउने,

(ड) धार्मिक तिर्थस्थलहरुको , संरक्षण तथा सम्वर्द्धन गरी धार्मिक पर्यटनको विकास गर्नको लागि धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरुमा पर्यटकहरु बढी आकर्षित हुने गरी सुविधाहरु विस्तार गर्ने ।

(ढ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन उदगम बजारहरुमा प्रतिस्पर्धात्मक रुपमा पर्यटन प्रवर्द्धन गरी रौतामाईलाई एक प्रमुख पर्यटन केन्द्रको रुपमा विकसित गर्ने/गराउने,

(ण) पर्यटन प्रर्वधनमा सघाउ पुऱ्याउने, कारोवारको पुँजी लगानी गर्ने ।

(त) बोर्डको उद्देश्य पूर्तिका लागि गाउँपालिकाको स्वीकृति लिई देशी तथा विदेशी संघसंस्थाहरुसँग सम्झौता गर्ने,

(थ) बोर्डको बार्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट स्वीकृत गर्ने,

(द) बोर्डको बार्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट स्वीकृत गर्ने

**६. पर्यटन विकास कार्यक्रम संचालन हुने क्षेत्र तथा विधि :**

रौतामाई गाउँपालिकामा पर्यटन विकासका कार्यक्रमहरु सञ्चालन गरी स्थानीय भाषा, धर्म संस्कृति, चालचलन, भेषभुषा, परम्परा संरक्षण, सम्वर्द्धन गर्नुका साथै गाउँपालिकामा  पर्यटन गन्तब्यहरुको पहिचान, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन तथा प्रचारप्रसार र पर्यटन पूर्वाधारको विकास, गाउँपालिकालाई पर्यटन गन्तब्यको रुपमा, विकास गरी समग्र रौतामाईको विकास गर्नका लागि पर्यटन विकासका क्षेत्रहरुको पहिचान गरी पर्यटन विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(क) संस्कृति संरक्षण :**

(१) स्थानीय चालचलन धर्म संस्कृतिको संरक्षण,

(२) भाषा भेषभुषा, परम्पराको संरक्षण तथा प्रवर्द्धन,

(३) स्थानीय कला, सीप तथा परम्परागत प्रविधिको संरक्षण तथा प्रवर्द्धन,

(४) संस्कृति संरक्षणका लागि महोत्सव तथा प्रदर्शनीको सञ्चालन तथा स्थानीय संग्रहालयको स्थापना तथा व्यवस्थापन,

**(ख) कृषि पर्यटन :**

(१) एक वडा एक उत्पादन क्षेत्र कार्यक्रम सञ्चालन,

(२) स्थानीय प्रजातिहरुको संरक्षणको कार्यक्रम सञ्चालन ,

(३) बिउविजनको संरक्षण बिउ बैंकको स्थापना तथा नर्सरी सञ्चालन,

(४) मतस्य विकास तथा ह्याचरीको स्थापना,

(५) परम्परागत स्थानीय उत्पादनलाई प्रवर्द्धन ।

**(ग) सम्पदाको संरक्षण तथा सम्वर्द्धन :**

(१) रौतामाई गाउँपालिका भित्र ऐतिहाँसिक , पुरातात्वीक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन,

(२) गाउँपालिका भित्र रहेका तालतलैया, झर्ना तथा धार्मिक पोखरीहरुको संरक्षण सम्वर्द्धन तथा पोखरी र तालतलैयाहरुलाई उत्पादन मुखी बनाउने कार्यक्रम,

**(घ) सार्वजनिक नीजि साझेदारी कार्यक्रम :**

पर्यटन विकास कार्यक्रमहरु अन्तर्गत रौतामाई गाउँपालिकाको स्वामित्वमा रहेको पर्यटन सम्बन्धी कार्यक्रमहरु चलअचल सम्पत्तिहरु, अतिथी भवन, सार्वजनिक नीजि साझेदारीमा अमानतमा लिजमा वा स्वयम गाउँपालिकाले नै समेत सञ्चालन गर्न सकिनेछ ।

**७. उपभोक्ता समितिलाई प्राथमिकता :**

(क) कार्यक्रम संचालनका लागि उपभोक्ता समितिसँग सम्झौता गरी लागत जनसहभागिताको आधारमा कार्य सूची अनिवार्य रुपमा पेश गरी कार्यक्रम संचालन गरिनेछ । साथै उपभोक्ता समिति मार्फत संचालन गर्ने गरी सम्झौता गरिएका आयोजना ठेकेदार मार्फत संचालन गराएको पाइएमा सम्झौता रद्द गरी अन्य प्रकृयाद्वारा आयोजना संचालन गर्न सकिनेछ ।

(ख) उपभोक्ता समितिबाट कार्यान्वयन गर्न सकिने भए सम्म ठेक्का पट्टाबाट नगरी उपभोक्ता समितिबाटै गर्ने गरी प्रस्ताव गर्नुपर्नेछ। अर्थात उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ। तर उपभोक्ता समितिबाट कार्यसम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजना जस्तै : एकै प्रकारका सभा, भवन, पुल, कलभट, निर्माण ढल निर्माण, चिल्ड्रेन पार्क, पर्यटन सम्बन्धी सम्पुर्ण कार्यक्रमहरु संचालन गर्दा उपभोक्ता समितिसँग लोडर, एक्जाभेटर जस्ता ठूलो मेशिनरी सामाग्रीहरु उपलब्ध नहुने भएकोले ठेक्कापट्टाद्वारा संचालन गर्न वाधा पर्ने छैन ।

**८. आयोजना कार्यान्वयन प्रकृया :**

यस कार्यक्रमबाट संचालन हुने आयोजनाहरु कार्यान्वयन प्रकृया स्थानीय तहको आर्थिक ऐन २०७५ अनुसार हुनेछ ।

**९. आयोजना सम्पन्न गर्नुपर्ने समयावधि :**

रौतामाई पर्यटन विकास कार्यक्रमहरु संचालन हुने आयोजनाहरु आर्थिक बर्षको मसान्त भित्र वा कार्यक्रम संचालन सम्झौतामा उल्लेख भएको मिति भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

**१०. आयोजनाको अनुगमन :**

रौतामाई पर्यटन विकास कार्यक्रम अर्थात सञ्चालित आयोजनाको अनुगमन गाउँपालिकाबाट गरिनेछ ।

**११. बिवरण सार्वजनिक गर्ने :**

रौतामाई पर्यटन विकास कार्यक्रमबाट संचालित आयोजना सम्पन्न भएपछि आयोजनाको, भौतिक उपलब्धि र खर्च सम्बन्धी विवरण सार्वजनिक गरी गाउँपालिकाको कार्यालयमा पठाउनुपर्नेछ ।

**१२. बाधा अड्काउ फुकाउने :**

यस कार्यक्रम कार्यान्वयन वा आयोजना संचालन सम्बन्धमा कुनै बाधा अडकाउ परेमा रौतामाई पर्यटन बोर्डको सिफारिसको आधारमा गाउँ कार्यपालिकाको निर्णयबाट बाधा अडकाउ फुकाउन सकिनेछ ।

**१३. बोर्डले आवश्यक सेवा शुल्क लिन सक्ने :**

बोर्डले पर्यटन तथा पर्यटन व्यवसायीहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रदान गरेको परामर्श तथा सेवा वापत तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

**१४. बोर्डले आर्थिक स्रोत जुटाउन सक्नेछ :**

बोर्डले आफ्नो कार्यक्रम संचालन गर्नका निमित्त प्रचलित कानून बमोजिम गाउँपालिका, गैरसरकारी संस्था, विदेशी सरकार, अन्तराष्ट्रिय संघ वा निकायबाट ऋण, अनुदान, दान दातव्य वा उपहार लिन लगायत आवश्यक आर्थिक स्रोत जुटाउने सक्नेछ ।

## परिच्छेद - ३
## कार्यकारी समितिको गठन तथा काम, कर्तब्य र अधिकार

**१५. कार्य समितिको गठन :**

(१) बोर्डको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरु सुव्यवस्थित रुपले संचालन गर्न गराउन र बोर्डको सम्पूर्ण काम कारवाहीहरुको रेखदेख तथा प्रबन्ध गर्नको लागि नौ सदस्यीय कार्यसमितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरु रहनेछन् :

(क) गाउँपालिकाले मनोनित गरेको पर्यटन विज्ञ - अध्यक्ष

(ख) गाउँपालिका भित्र विभिन्न पर्यटकीय क्षेत्रमा काम गरेका अनुभवी व्यक्तिहरु मध्येबाट गाउँपालिकाले मनोनित गरेको चारजना - सदस्य

(ग) गाउँपालिकाले तोकेको एकजना गाउँकार्यपालिका सदस्य - सदस्य

(घ) समितिले आवश्यक्ता अनुसार तोकेको महिला सहित दुई जना - सदस्य

(ङ) गाउँपालिकाले तोकेको व्यक्ति - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ । पदावधि समाप्त भए पछि बोर्डका सदस्यहरु पुन : मनोनित हुन सक्नेछन् ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी विशेषज्ञ, सल्लाहाकार वा पर्यटन व्यवसायसँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

**१६. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक कम्तिमा महिनामा एक पटक अध्यक्षले तोकेको मिति, समय रस्थानमा बस्नेछ ।

(२) उपदफा (१) माा जुनसुकै कुरा लेखिएको भएता पनि एक तिहाई सदस्यहरुले समितिको बैठक बोलाउनको लागि लिखित रुपमा माग गरेमा पन्ध्र दिन भित्र सदस्य सचिवले अध्यक्षको स्वीकृति लिई समितिको बैठक बोलाउनुपर्नेछ ।

(३) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची बैठक बस्नु भन्दा २४ घण्टा अगाबै सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितीमा समितिका सदयहरु मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको कूल सदस्य संख्याको बहुमत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको साथ मान्य हुनेछ र मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको मत निर्णयक हुनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य - सचिवद्वारा प्रमाणित गरिनेछ,

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१७. समितिको काम कर्तव्य र अधिकार :**

(१) यो कार्यविधिको अधिनमा रहि बोर्डले गर्नुपर्ने सम्पूर्ण काम कारवाहीहरु गर्नु तथा बोर्डलाई प्राप्त सम्पूर्ण अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित काम, कर्तव्यको अतिरिक्त बोर्डको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्नु समितिको कर्तव्य हुनछ ।

(३) गाउँकार्यपालिका प्रति जवाफदेही रहेर उद्देश्य प्राप्तिको लागि स्वतन्त्र रुपका कार्य गर्न सक्नेछ ।

**१८. उपसमिति गठन गर्न सक्ने :**

(१) समितिको आफ्नो कार्य संचालन गर्नको लागि आवश्यकक्ता अनुार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उसमितिहरुको काम, कर्तव्य, अधिकार कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**परिच्छेद - ४**

**१९. सदस्य सचिवको नियुक्ति :**

(१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य संचालन गर्नको लागि समितिले कम्तिमा स्नातक तह उपाधि हासिल गरी पर्यटन क्षेत्रमा अनुभव प्राप्त गरेको व्यक्तिलाई बोर्डको सदस्य सचिवको रुपमा पदमा नियुक्ती गर्नेछ ।

(२) सदस्य सचिवको पदावधि चार वर्षको र निज पुन : चार वर्षको लागि नियुक्त हुन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त सदस्य सचिवको पारिश्रमिक, सुविधा र सेवाका सर्तहरु तोकिए बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम सदस्य सचिवको नियुक्ती नभएसम्मको लागि यस बोर्डलाई हानी नोक्सानी पुऱ्याई बोर्डको हित विपरीत हुनेगरी काम नगरेमा समितिले तोकिएको प्रकृया अपनाई निजलाई कार्यकारी प्रमुखको पदबाट हटाउन सक्नेछ । तर यसरी पदबाट हटाउनु अघि कार्यकारी प्रमुखलाई

आफ्नो पक्षमा सफाई पेश गर्ने उचित अवसर प्रदान गर्नुपर्नेछ । सदस्य - सचिवले बोर्डको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य संचालन गर्नेछ ।

**२०. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(१) सदस्य सचिवको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ,

(ख) बोर्डको दिर्घकालिन तथा अल्पकालिन योजना, बार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने गर्न लगाउने ।

(ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

(घ) बोर्डलाई आवश्यक कर्मचारीहरु तोकिए बमोजिम नियुक्त गर्ने ।

(ङ) अध्यक्षको आदेशानुसार समितिको बैठक बोलाउने,

(च) समिति प्रति उत्तरदायी भई काम गर्ने,

(छ) बोर्डको प्रशासकीय प्रमुखको हैसियतले बोर्डको उद्देश्य प्राप्ति गर्न अन्य आवश्यक कार्यहरु गर्ने ।

**२१. कर्मचारी सम्बन्धी व्यवस्था :**

(१) बोर्डको काम सुचारु रुपले संचालन गर्नको निमित्त प्रशासकीय प्रमुखले सहायक कर्मचारीहरु नियुक्त गर्न सक्नेछन् । यस्तो नियुक्तिलाई बोर्डले अनुमोदन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त सहायक कर्मचारीहरुको पारिश्रमिक सुविधा तथा सेवाका अन्य सर्तहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त बोर्डका कर्मचारीहरुले समिति र कार्यकारी प्रमुख प्रति उत्तरदायी भई काम गर्नु पर्नेछ ।

## परिच्छेद - ५

## कोषको स्थापना र सञ्चालन

**२२. बोर्डको कोष :**

(१) बोर्डको आफ्नो छुट्टै कोष हुनेछ,

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछ :

(क) गाउँपालिकाबाट प्राप्त अनुदान तथा अन्य रकम,

(ख) विदेशी सरकार वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण ।

(ग) स्वदेशी तथा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार,

(घ) पर्यटन व्यवसायमा संलग्न रहेका संघ संस्था वा व्यक्तिबाट प्राप्त शुल्क, सहयोग, अनुदान वा उपहार

(ङ) पर्यटक वा पर्यटन व्यवसायीहरुलाई पर्यटनसँग सम्बन्धित विषयहमा प्राप्त गरेको सेवा शुल्क ।

(च) संघ र प्रदेश सरकारबाट प्राप्त रकम

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा विदेशी संघ संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, ऋण, दान, दातव्य वा उपहार लिनु अगावै बोर्डले गाउँपालिका मार्फत नेपाल सरकारको स्वीकृत लिनु पर्नेछ ।

(४) बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट ब्यहोरिनेछ ।

(५) बोर्डको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ,

(६) कोष संचालन गर्नको लागि राष्ट्रिय स्तरको बैकमा बोर्डको खाता खोल्नेछ र सो खाता अध्यक्ष र सदस्य सचिवको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ ।

**२३. लेखा र लेखापरीक्षण :**

(१) बोर्डको अध्यक्षको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ,

(२) बोर्डको लेखापरीक्षण गाउँपालिकाको लेखा परीक्षक वा बोर्डले तोकेको मान्यता प्राप्त लेखापरीक्षकबाट हुनेछ ।

(३) लेखापरीक्षकले बोर्डको बार्षिक कारोवारको स्थिती, वासलात, नाफा नोक्सान र अन्य हरहिसावका सम्बन्धमा आफ्नो प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नेछ ।

## परिच्छेद - ६
## विविध

**२४. गाउँपालिकाले अनुदान दिन सक्ने :**

(१) रौतामाई गाउँपालिकाले बोर्डलाई आवश्यक रकम अनुदानको रुपमा दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बोर्ड आफ्नो कार्यक्रम संचालन गर्न आर्थिक रुपमा सक्षम भैसकेको छ भन्ने विश्वास गर्न सक्ने पर्याप्त कारण गाउँपालिकालाई भएमा गाउँपालिका यस्तो अनुदान रकम प्रदान गर्न बाध्य हुनेछैन ।

**२५. बार्षिक प्रतिवेदन :**

सदस्य सचिवले बोर्डको कामकार्वाहीको बार्षिक प्रतिवेदन प्रत्येक आर्थिक समाप्त भएको मितिले एक महिना भित्र समिति समक्ष प्रस्तुत गर्नुपर्नेछ र त्यसलाई तीन महिनाभित्रमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**२६. अधिकार प्रत्यायोजन :**

(१) समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये कुनै वा सबै अधिकार आवश्यक्तानुसार बोर्डको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) सदस्य सचिवले आफूलाई प्राप्त अधिकार मध्ये कुनै वा सबै अधिकार आवश्यक्तानुसार बोर्डको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२७. बैठक भत्ता :**

बोर्डका सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन्, ।

**२८. विनियम बनाउन सक्ने :**

यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्नका लागि बोर्डले आवश्यक विनियमहरु बनाउन सक्नेछ र यस्ता विनियमहरु गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

## अनुसूची : १

### रौतामाई पर्यटन बोर्डको छाप र चिन्हको विवरण

संस्थाको छाप र चिन्हको विवरण, आकार, प्रकार एवं अन्य विवरणहरु निम्न बमोजिम हुने छ : छापको माथिल्लो भागमा श्री रौतामाई पर्यटन बोर्ड, र तल्लो भागमा रौतामाई गा.पा, उदयपुर साथै स्था : २०७९ र बीचको घेरा भित्र रौतामन्दिर सहित भएको पोखरीको फोटो हुनेछ ।

## अनुसूची : २

यस श्री रौतामाई पर्यटन बोर्ड, रौतामाई गा.पा. उदयपुरको सदस्यता रसिदको नमूना तपशील अनुसार रहने छ ।

श्री रौतामाई पर्यटन बोर्ड
**रौतामाई गा.पा., उदयपुर**
**सदस्यता–रसिद**

स.र.नं.: ........... मितिः .........................

.................... जिल्ला ................... नपा/उपमनपा/मनपा /गापा वडा नं. .......... बस्ने श्री ................................................... ज्यूबाट जम्मा रु. ..................... (अक्षेरेपी रु. ..................... मात्र) .................. वापत प्राप्त भयो ।

| | |
|---|---|
| बुझाउनेको सही :- | बुझिलिनेको सही :- |
| नाम : | नाम : |
| पद : | पद : |
| मो. : | मो. : |
| सही : | सही : |
| मिति : | मिति : |

## अनुसूची - ३
## दफा ७ बमोजिम
## रौतामाई पर्यटन बोर्डको सदस्यताको लागि आवेदन नमूना

श्रीमान् अध्यक्ष ज्यू,
श्री रौतामाई पर्यटन बोर्ड,
रौतामाई गा.पा. , उदयपुर

**विषय :** सदस्यता पाऊ ।

महोदय,

प्रस्तुत विषयमा यस रौतामाई पर्यटन बोर्डले पर्यटन तथा अन्य विभिन्न क्षेत्रमा गरेको ऐतिहासिक कार्यबाट प्रेरित भई मलाई पनि यस संस्थामा रही सामाजिक क्षेत्रमा काम गर्नका लागि ईच्छा भएकाले त्यस संस्थाको विधान बमोजिम मलाई पनि .................................. सदस्यता दिलाई दिनहुन निवेदन पेस गरेको छु ।

निवेदक :

सही :
नाम :
ठेगाना : ......... नपा/गापा वडा नं. .........
गाउँ/टोल ............., उदयपुर
मोबाइल नं. :
मिति :

## संस्थाको निर्वाचनमा भाग लिनको लागि आवेदन नमूना

श्रीमान् निर्वाचन अधिकृतज्यू,
श्री रौतामाई पर्यटन बोर्ड
रौतामाई गा.पा., उदयपुर

**विषय :** उम्वेद्वारी मनोनयन पत्र पेस गरेको बारे ।

महोदय,

प्रस्तुत विषयमा श्री रौतामाई पर्यटन बोर्डको मिति ............................. मा हुन गइरहेको ...................... पदको उम्वेद्वारीको लागि म पनि यस विधानको दफा २४ अनुसार योग्य रहेको हुँदा यो मनोनयन पत्र पेशगर्न आएको छु । उक्त निर्वाचनमा उम्वेद्वारी मनोनयन दर्ता गरी पाउन सादर अनुरोध गर्दछु ।

निवेदक :
सही : .
उम्मेदवारको नाम/थर :
ठेगाना : ......... नपा/गापा वडा नं. .....
गाउँ/टोल .........., उदयपुर
सदस्यता नं.
मोवाइल नं. :
पिताको नाम :
आमाको नाम :
पति/पत्नीको नाम :
मिति :

आज्ञाले,
**शम्भु प्रसाद पौडेल**
प्रमुख प्रशासकीय अधिकृत